# संघीय संसद
# राष्ट्रिय सभा
# पन्ध्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ६ फागुन २०८०
# आइतवार
# बैठक सङ्ख्या- ५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०४ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आजको बैठकमा विशेष समय नरहने बेहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने अबुधाबी डायलग र वर्ल्ड गभरमेन्ट समिटमा सहभागी हुन सम्वत् २०८० साल माघ २६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
मुख्यसचिव
२०८० माघ २६

मानननीय सदस्यहरू, अब म प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७९/८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१३:०५ बजे) **प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति माया प्रसाद शर्मा**:- .... (आवाज नसुनिएको । सेवाअन्तर्गत गठित प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले मिति २०६९ साउन १ गतेदेखि मिति २०८० असार मसान्तसम्म सम्पादन गरेको कार्यहरू समेटेको वार्षिक प्रतिवेदन पेस गर्दछु । राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ ले यस समितिलाई प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासनसम्बन्धी कार्य एवं राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापनसम्बन्धी विषयको जिम्मेवारी प्रदान गरेको छ । समितिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ को उपनियम (१) मा उल्लेखित बुँदाहरूलाई ध्यानमा राखेर प्रत्यायोजित व्यवस्थापनको अध्ययन गरेको छ, विधायनहरूको अध्ययन गरेको छ । यस क्रममा प्रशासकीय कार्यविधि नियमावली गर्ने ऐन २०१३ अन्तर्गत बनेका केही प्रत्यायोजित विधायनहरू प्रत्यायोजित विधायनको दृष्टिमा गठन आदेशको अध्ययन प्रतिवेदन, २०७८-२०७९, मूल्य अभिवृद्धि कर ऐन, २०७२ ५२, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, घरेलु हिंसा, कसुर र सजायसम्बन्धी ऐन, २०६६ लगायतका ऐनहरूसँग सम्बन्धित प्रत्यायोजित विधायनहरूको अध्ययन गरेको छ । यसको अलावा प्रत्यायोजित विधायनहरूलाई व्यवस्थित गर्ने सम्बन्धमा राष्ट्रिय सभाअन्तर्गतका विधायन व्यवस्थापन समिति, दिगो विकास तथा सुशासन समिति र राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापतिज्यू तथा सदस्यहरूसँग विज्ञसहितको उपस्थितिमा छलफल भएको छ । यसको साथसाथै सरकारका मन्त्रीहरूले दिएका सरकारी आश्वासनहरूलाई पूरा गर्न के कस्ता काम भएका छन्? भनी सम्बन्धित मन्त्रालयबाट प्रगति विवरण माग गरी छलफल गरिएको छ । सरकारबाट संघीय संसदको संयुक्त बैठकमा पेस भएको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा व्यक्त केही निश्चित आश्वासनहरूको कार्यान्वयन अवस्थाको अध्ययन तथा छलफल गरिएको छ । अध्ययन तथा छलफलबाट आश्वासन कार्यान्वयनको अवस्था

सन्तोषजनक देखिएको पाइँदैन । यसबाहेक वार्षिक आर्थिक वर्ष २०७८/०७९ र ०७९/०८० को बजेट वक्तव्यमार्फत व्यक्त गरिएका केही आश्वासनहरूको अध्ययन गरिएको छ ।

यसै गरी भक्तपुर र मोरङ जिल्लामा सञ्चालित बाल सुधार गृह, तनहुँको ढकालटारमा निर्माणाधीन बाल सुधार गृहलगायतका केही आश्वासनको कार्यान्वयन अवस्थाको स्थलगत अध्ययन, अवलोकन र अनुगमनसमेत गरिएको छ । राष्ट्रिय महत्त्वका दस्तावेज अभिलेखहरूको व्यवस्थापनसम्बन्धी विषयमा सिंहदरबारस्थित पुरानो प्रतिनिधि सभा ग्यालरी बैठक, सिंहदरबारको पुतली सडक बगैंचामा निर्माणाधीन संघीय संसद भवन परिषद् स्थित संघीय संसद सचिवालय पुस्तकालय भवनको स्थलगत अवलोकन तथा अनुगमन गरिएको छ । यसको साथै मुलुकको महत्वपूर्ण अभिलेख र दस्ताबेजहरूको व्यवस्थापन तथा संरक्षण स्थलको पर्यायको रूपमा रहेका विभिन्न पुस्तकालयहरू डडेलधुरा जिल्लाको अमरगढी नगरपालिका स्थित अमरगढी जिल्ला किल्लाको समेत अध्ययन अवलोकन तथा अनुगमन गरिएको छ । यस प्रतिवेदनको अवधिमा वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र अर्थ मन्त्रालयबाट तर्जुमा भएका केही प्रत्यायोजित विधायनहरूको सैद्धान्तिक कसीमा अध्ययन गर्ने कार्य गरिएको छ । ऐनको उद्देश्य कार्यान्वयनका लागि बन्नुपर्ने कतिपय नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू समयमै नबनेका, बनेका पनि प्रत्यायोजित व्यवस्थापनको सिद्धान्तअनुरूप नबनेका, ऐनको कानुनी स्रोत वा मातृ ऐनलाई उल्लेख नगरी प्रत्यायोजित विधायनहरू बनेका, प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजित भएका, असान्दर्भिक ऐनहरू उल्लेख गरी निर्देशिका बनेका समस्याहरूको वर्तमान समयमा पनि निरन्तरता पाएको देखियो । सरकारी आश्वासन सम्बन्धमा, सरकारी आश्वासन सम्बन्धमा आश्वासन कार्यान्वयनको प्रगति सन्तोषजनक हुन सकेको देखिएन । एउटै प्रवृत्तिको, प्रकृतिको कार्यक्रम निरन्तर २/३ आर्थिक वर्षको बजेट वक्तव्यमा समावेश हुने, कतिपय कार्यक्रमहरू बजेट वक्तव्यमा समावेश हुने तर सम्बन्धित मन्त्रालयको कार्यक्रम नपर्ने अवस्था पाइयो । राष्ट्रिय महत्वका दस्तावेज अभिलेखहरू कुन कुन हुन्? तिनीहरूको कसले कसरी व्यवस्थापन गर्ने? भन्ने सम्बन्धमा हालसम्म पनि ठोस नीति र प्रभावकारी कानुनी व्यवस्था भएको देखिएन ।

सम्माननीय अध्यक्ष महोदय, विगतदेखि नै प्रत्यायोजित व्यवस्थापन र सरकारी आश्वासन कार्यान्वयनको विषय सरकारको प्राथमिकतामा नपरेको भए तापनि यस विषयमा सरकारलाई निरन्तर रूपमा झक्झक्याउने समितिको अर्थ कार्य भएको बेहोरा उल्लेख गर्न चाहन्छु । हामीले प्रत्यायोजित व्यवस्थापन र सरकारी आश्वासनको क्षेत्रमा सबै संघीय मन्त्रालय निकाय एवम् प्रदेशस्तरमा पनि

जिम्मेवारी बोधका साथ छलफल र अन्तरक्रियालाई अगाडि बढाएका छौं । यस क्रममा कोशी प्रदेश झापा जिल्लाको दमक नगरपालिका, कर्णाली प्रदेशको जुम्ला जिल्लास्थित सिजा गाउँपालिका, सिजा, हिमा र कनका सुन्दरी गाउँपालिकासहित मुगुको गमगडीस्थित छायानाथ रारा नगरपालिका, जिल्ला समन्वय समितिलगायत अन्य पालिका र गण्डकी प्रदेश तनहुँ जिल्लाको आबु खैरेनी गाउँपालिकाका जनप्रतिनिधिहरूसँग प्रत्यायोजित विधायन तथा सरकारी आश्वासनसम्बन्धी विषयमा छलफल गरिएको छ । समितिले वार्षिक रूपमा कार्यसम्पादन गर्ने क्रममा देखिएका समस्याहरू र तिनको समाधानका लागि केही सुझावहरू यस प्रतिवेदनमा सिफारिस गरिएको जानकारी गराउन चाहन्छु । यस प्रतिवेदनको अवधिमा समितिको बैठक ३५ पटक बसी कार्यसम्पादन गरिएको थियो । सोको कार्यसम्पादनका लागि चारवटा उपसमिति गठन गरिएको थियो । माथि उल्लेखित विषयहरू कार्यान्वयनको लागि नेपाल सरकारलाई राय सुझाव दिनुका साथै निर्देशनसमेत गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, अन्त्यमा समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनुहुने संघीय सांसद, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, माननीय मन्त्रीज्यूहरू, समितिका सम्पूर्ण माननीय सदस्यहरू, संघीय संसदका महासचिव, सचिव, मन्त्रालयका सचिव, समिति सचिवलगायत समितिमा कार्यरत सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसै गरी सरोकारवाला सहयोगी सञ्चारकर्मी सबैलाई धन्यवाद दिँदै राष्ट्रिय सभा नियमावली, २०७५ को उपनियम (१५३) र (१६९) बमोजिम समितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, अब म राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिलकुमारी रावल थापा "पार्वती" लाई राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८० सभा समक्ष पेश गर्न समय उपलब्ध गराउछु ।

(१३:१४ बजे) **राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति श्री दिलकुमारी रावल थापा "पार्वती"**:- सम्माननीय अध्यक्ष महोदय, सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी, जवाफदेही बनाउन सरकारबाट भए, गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन, राय, सल्लाह दिन राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७, उपनियम १ को

व्यवस्थाबमोजिम राष्ट्रिय सभाअन्तर्गत रहेका चारवटा विषयगत समितिमध्ये राष्ट्रिय सरोकार तथा समन्वय समिति एक महत्वपूर्ण समिति हो । राष्ट्रिय सभा नियमावली, राष्ट्रिय सभा नियमावलीले तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय सम्पदा, मानवअधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयनको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा, संवैधानिक आयोगसम्बन्धी विषय यस समितिको कार्यक्षेत्रमा समेटिएको छ । नियमावलीको उक्त व्यवस्थाको आधारमा सरकारका काम कारबाहीमाथि निगरानी, अनुगमन, मूल्याङ्कन गरी सुझाव सिफारिस तथा निर्देशन गर्ने मुख्य जिम्मेवारी यो समितिको रहेको छ । राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ उपनियम १ को व्यवस्थाबमोजिम आज म राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यक्षेत्र अन्तर्गत रहेको तहगत राज्य संरचनाको विकासमा समन्वयको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहलाई संविधान र प्रचलित कानुनबमोजिम प्राप्त अधिकारको प्रयोग र संघीय शासन प्रणाली कार्यान्वयनको अवस्था र यसको सबलीकरणका लागि गर्नुपर्ने सुधारको सम्बन्धमा समितिले यसै आर्थिक वर्ष सातैवटा प्रदेशमा सञ्चालन गरेका तहगत अन्तरसम्बन्ध र समन्वय विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम, ती कार्यक्रममा उठान भएका विषय र सुझावहरू यस सम्मानित सभामा पेश गर्न उपस्थित भएको छु । समितिका विभिन्न बैठकहरूमा सरोकारवाला निकायसँगको छलफलमा उठान भएका विषयहरूको आधारमा तहगत अन्तरसम्बन्ध र समन्वय विषयक प्रतिवेदन तयार गरेको र सो प्रतिवेदनको संक्षिप्त विवरण यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । यस समितिले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि आफ्नो कार्यक्षेत्रका विषयमा निरन्तर छलफल, निगरानी तथा निर्देशन दिनुका साथै आम नागरिकको चासो र सरोकारका विषयमा समेत निरन्तर खबरदारी गरिरह्यो । समितिको कार्यक्षेत्रअन्तर्गत रहेका तहगत राज्यको संरचनाको विकासमा समन्वयका सम्बन्धमा प्रादेशिक तहमा देशभरका सातै वटा प्रदेशका राजधानीलाई आधार मानी प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालाहरूसँग प्रत्येक प्रदेशमा एक एकवटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रमहरूमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संघीय संसदका माननीय सदस्यहरू, प्रदेश सरकारका माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुखहरू, माननीय उपसभामुखहरू, समितिका सभापतिहरू, प्रदेश सभाका माननीय सदस्यहरू, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं प्रतिनिधि, पालिका प्रमुख, उपप्रमुख, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ एवं जनप्रतिनिधिहरू, संघीय संसद र प्रदेश सभाका विभिन्न समितिका सचिवहरू तथा अन्य कर्मचारी, विषय विशेषज्ञ, विषय विज्ञ, नागरिक समाज, आम सञ्चार तथा सरोकारवालाहरूको

उपस्थिति रहेको थियो । प्रत्येक कार्यक्रममा तीन तहको समन्वयका लागि राष्ट्रिय सभा र समितिको, राष्ट्रिय सभा र समितिको भूमिका एवं हालसम्मका प्रयास, व्यवस्थापिका र प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध र अन्तरसमन्वय ऐन, २०७७ का विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष ,माननीय उपाध्यक्ष, माननीय मुख्यमन्त्री, प्रदेशसभाका माननीय सभामुखहरू, माननीय उपसभामुखहरू लगायतका प्राप्त सुझाव समेतलाई यस प्रतिवेदनमा समेटिएको छ । कार्यक्रममा सहभागी स्थानीय तह, प्रदेश तह, नेपाल सरकार, संघीय संसदका लागि सुझावहरू संकलन गर्नेगरी प्रश्न तयार पारिएको थियो । प्राप्त सुझाव संघीय व्यवस्थाको प्रभावकारी र सवलीकरणको लागि केही नयाँ कानुन निर्माण, कानुन संशोधन तथा संवैधानिक केही प्रावधानमा संशोधन गर्नुपर्ने र हालको संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने प्रकृतिका सुझावहरू रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा समितिले सातवटा प्रदेशमा सञ्चालन गरेको अन्तरक्रियात्मक कार्यक्रम, सो कार्यक्रमबाट प्राप्त जानकारी एवं सुझाव समिति अन्तर्गत गठित राज्यको तहगत संरचनाको विकासमा समन्वय तथा संवैधानिक आयोग सम्बन्धी विषय अध्ययन उपसमितिको छलफल तथा निर्णयहरू संघीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९ को प्रतिवेदनले दिएको सुझाव लगायतका तहगत राज्य संरचनाको विकासमा समन्वयका सम्बन्धमा प्राप्त उपलब्धिहरू, कार्यक्षेत्रमा देखिएका समस्याहरू, समस्या समाधानका निम्ति समितिले निकालेका निष्कर्षहरू, सो अवधिमा समितिले हासिल गरेका अनुभवहरू समेत समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तर सम्बन्ध र समन्वय विशेष प्रादेशिक अन्तरक्रिया कार्यक्रमको यो अध्ययन प्रतिवेदन तयार पारिएको छ । संघीय शासन प्रणाली कार्यान्वयनका लागि तहगत अन्तरसम्बन्ध र समन्वय गर्न संविधानले परिकल्पना, संविधानले व्यवस्था गरेको संरचना, अन्तरप्रदेश परिषद् , संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध र समन्वय ऐन, २०७७ को व्यवस्था गरेका संरचनाहरू राष्ट्रिय समन्वय परिषद् , प्रदेश समन्वय परिषद्, विषयगत समितिहरू र विशेष समितिको गठन तथा परिचालन प्रभावकारी हुन नसकेको योजना तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा दुविधा भएको एकल अधिकारको सम्बन्धमा समेत दोहोरो, तेहेरो पर्न गएको साझा अधिकारका विषय र एकल अधिकारका विषयमा कानुन तर्जुमा गर्दा एकअर्कालाई असर पर्ने विषयमा तीनओटै तहबिच पर्याप्त परामर्श र छलफलको अभाव रहेको विकास आयोजना निर्माणमा तीन तहबिच समन्वय हुन नसकेको, विकासका कार्यहरू संयुक्त रूपमा हुन नसकेको सन्दर्भमा विवाद हुने गरेको कुरा संघीयता कार्यान्वयनमा देखापरेका साझा समस्याहरूका रूपमा रहेका छन् ।संघीय शासन प्रणालीलाई सवल बनाउँदै तीन तहबिचको समन्वय र अन्तरसम्बन्धलाई

मजबुत बनाउन संविधानले गरेको व्यवस्था, संरचना अन्तरप्रदेश परिषद्, संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध तथा समन्वय ऐन, २०७७ ले व्यवस्था गरेका संरचनाहरू राष्ट्रिय समन्वय परिषद् , प्रदेश समन्वय परिषद्, विषयगत समितिहरू र विशेष समितिको गठन तथा प्राभावकारी परिचालन, साझा अधिकार सूचीमा परेका विषयमा कानुन बनाई कार्यान्वयन गर्ने, राष्ट्रिय महत्त्व र जटिल प्राविधिक क्षमता भएका र ठुला लगानी आवश्यक पर्ने आयोजना मात्रै संघले गर्ने प्रादेशिक महत्त्व र मध्यम खालको योजना प्रदेशले सञ्चालन गर्ने, पालिकास्तरका सम्पूर्ण कार्यक्रमहरू पालिकाले नै गर्ने गरी व्यवस्था मिलाउन आवश्यक छ । प्राकृतिक स्रोत तथा वित्त आयोग र स्थानीय तहबिच समन्वय गरी, प्राकतिक स्रोतको न्यायोचित वितरण गर्न वित्तसम्बन्धी सूत्रको अभ्यास गरेको ५ वर्ष पुगिसकेकोले यस सूत्रलाई पुनरावलोकन गर्नुपर्ने, संघीय निजामती ऐन तत्काल जारी गर्नुपर्ने, सीमानाका नदीहरूबाट प्राप्त स्रोतको उपयोगमा आउने गरेको विवाद, सामुदायिक वन, खनिज तथा नदीजन्य वस्तुहरूको प्रयोगका सम्बन्धमा हुने गरेको विवादलाई सम्बोधन गरेर प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानुन तत्काल बनाउनुपर्ने देखिन्छ । आयोगले वित्तीय हस्तान्तरणको सूत्र सेकेन्डरी डाटामा आधारित भई तयार गर्ने हुनाले अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई समन्यायिक, वस्तुगत र यथार्थपक बनाउन स्थानीय तहसम्मको खण्डीकृत, स्तरकृत र अध्यावधिक तथ्याङ्क उपलब्ध गर्ने प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । मिति २०८० साल माघ ३० गते बसेको समितिको २२६औं बैठकले सो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संघीय मामला तथा सम्माननीय प्रशासन मन्त्रालय र सम्बन्धित निकायलाई आवश्यक निर्देशन समेत समितिले दिइसकेको बेहोरा जानकारी आउन चाहन्छु । अन्तमा सबै प्रदेशमा तहगत अन्तरसम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रम सञ्चालन, अध्ययन अन्तरक्रिया प्रतिवेदन तयारीको क्रममा समितिलाई आफ्नो अमूल्य सल्लाह सुझाव र मार्गदर्शन एवं अभिभावकत्व प्रदान गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्षज्यूप्रति म हार्दिक आभार प्रकट गर्दछु । समितिको बैठकमा तथा अन्तरक्रिया कार्यक्रममा सहभागी भई महत्वपूर्ण सुझाव दिई समितिको काम कारबाहीमा सहयोग गर्ने उनी नेपाल सरकारका माननीय मन्त्रीज्यूहरू, प्रदेश सरकारका प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यूहरू, उपसभामुखज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं प्रतिनिधिज्यूहरू, मन्त्रालयका सचिव, पालिका प्रमुख, उपप्रमुखज्यूहरू, अध्यक्ष-उपाध्यक्षज्यूहरू प्रदेश सभाका सचिव तथा अन्य सार्वजनिक निकायका पदाधिकारीज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । समितिको काममा समन्वयात्मक रुपमा सहयोग पुऱ्याउनुहुने संघीय

संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालयका सचिव, समितिका सचिव, समिति सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, समितिको कार्यालय प्रत्यक्ष र परोक्ष रूपमा महत्वपूर्ण सहयोग पुर्याउनु हुने सम्बन्धित क्षेत्रका विषयविज्ञहरू, जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्चका पदाधिकारी तथा कर्मचारीहरू, सुरक्षाकर्मी, विभिन्न संचार माध्यमका पत्रकारलगायत यस समितिलाई सहयोग गर्नुहुने सबैप्रति आभार सहित हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रतिवेदन राज्यको तहगत संरचनाको विकासमा तीनै तहको सरकारले संवैधानिक व्यवस्थाअनुसार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अङ्गीकार गर्दै, आवश्यक नीतिगत, व्यवस्थापकीय र व्यवहारगत सुधार गरी संघीय शासन प्रणालीलाई सबलीकरण गर्नतर्फ अगाडि बढ्न कोसेढुङ्गा साबित हुने छ भन्ने विश्वास व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले मिति २०८० साल फागुन ३ गते बसेको समितिको २२८औं बैठकबाट पारित राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८० राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ उपनियम १ को व्यवस्थाबमोजिम सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "विधायनसम्बन्धी विधेयक, २०८०" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१३:२६ बजे) **विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री जयन्ती देवी राई**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको संवत् २०८० साल असोज २६ गते बसेको बैठकले विधायनसम्बन्धी विधेयक, २०८० माथि दफावार छलफलका लागि यस समितिमा पठाइएको थियो । उक्त विधेयकउपर १० जना माननीय सदस्यहरूले जम्मा ४२ ओटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । प्राप्त संशोधन प्रस्तावसहित विधेयकमाथि संवत् २०८० साल माघ २ गतेदेखि फागुन २ गते सम्म विभिन्न समितिमा बसेको बैठकमा पटक पटक सैद्धान्तिक, एकपटक विज्ञसँग र चारपटक दफावार छलफल भएको थियो । प्रस्तुत विधेयकले विधायन तर्जुमा पारदर्शिता कायम गरी जनसहभागिता अभिवृद्धि गर्न, गुणस्तरीय विधायन निर्माण गर्न, प्रत्यायोजित विधायनको सीमा निर्धारण गर्न तथा विधायनको प्रकाशन र अभिलेखलाई व्यवस्थित बनाउने लक्ष्य लिएको छ ।

समितिको बैठकहरूमा विधेयक प्रस्तुतकर्ता मन्त्रालयका मन्त्री संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालयका सचिव र सम्बद्ध कर्मचारीहरू कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरू विषय विज्ञहरूलगायत व्यक्तिहरूको उपस्थिति रहेको थियो । प्रतिवेदनले विधेयकको प्रस्तावकसहित २५ ओटा दफामा संशोधन गरी विधेयकलाई समृद्ध बनाएको छ । यस विधेयकमाथि विभिन्न चरणमा भएको औपचारिक अनौपचारिक छलफलहरूमा सहभागी हुनुका साथै प्रतिवेदन लेखनमा समेत सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा संवत् २०८० साल फागुन २ गते समितिको बैठकद्वारा पारित विधायनसम्बन्धी विधेयक, २०८० सम्बन्धी प्रतिवेदन यस सम्मानित सदनसमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" लाई दफावार छलफलका लागि विधायन व्यस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:२९ बजे)** **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१३:३० बजे)** **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म "सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ६ मा रहेको विषय सम्बन्धित माननीय मन्त्रीको अनुपस्थितिका कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन ११ गते शुक्रवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन ११ गते शुक्रवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३ः३१ बजे ।**